# सुदूरपश्चिम प्रदेशको बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** आधुनिक प्रविधिको प्रयोगबाट विभिन्न बालीको उच्च गुणस्तरयुक्त बीउबिजनको उत्पादन, भण्डारण, प्रशोधन तथा परीक्षण गरी बजारीकरणको माध्यमबाट कृषकलाई व्यवस्थित, सहज र सुलभ ढंगले उपलव्ध गराई कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेशको बीउ बिजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेश भर तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "बीउ बिजन" भन्नाले भ्रुण विरूवा (इम्ब्रोयनिक प्लान्ट), खाद्य पदार्थ र सुरक्षात्मक आवरण भएको परिपक्व ओभ्यूल (म्याचोर्ड ओभ्यूल) वा यौनिक वा वानस्पतिक तरिकाले पुनरोत्पादन (रिप्रोडक्सन) गरी बाली उत्पादन गर्नका लागि छर्ने वा रोप्ने काममा प्रयोग गर्न सकिने बीउ बिजन वा बीज सम्झनु पर्छ ।

(ख) "बाली" भन्नाले फलफूल, खाद्यान्न, तरकारी, नगदेबाली, मसलाबाली तथा घाँसेबाली जस्ता बाली सम्झनु पर्छ ।

(ग) "कृषि कार्य" भन्नाले खाद्यान्न, फलफूल, दलहन, तेलहन, तरकारी, नगदेवाली, मसलाबाली तथा घाँस उत्पादन, संकलन, भण्डारण, प्रशोधन गर्ने कार्य सम्झनु पर्छ । सो शब्दले तन्तु प्रजनन् लगायतका कार्य समेतलाई जनाउँछ ।

(घ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित बीउ बिजन समिति सम्झनु पर्छ ।

(ङ) "प्रयोगशाला" भन्नाले प्रदेशमा बीउ बिजन परीक्षण कार्य गर्न स्थापना भएको प्रादेशिक प्रयोगशाला सम्झनु पर्छ । सो शब्दले प्रादेशिक रेखदेख र नियन्त्रणमा रहने गरी सञ्चालन हुने अन्य प्रयोगशालालाई समेत जनाउँछ ।

(च) "सूचित बीउ बिजन" भन्नाले दफा ११ बमोजिम तोकिएको बीउ बिजन सम्झनु पर्छ ।

(छ) "भाँडो (कन्टेनर)" भन्नाले बाकस, टिनको बट्टा, शिशी, थैली, बोरा, भकारी, व्यारेल सम्झनुपर्छ । सो शब्दले अन्य यस्तै बीउ बिजन राख्न प्रयोग गरिने भाँडो समेतलाई जनाउँछ ।

(ज) "प्रजनक (ब्रीडर)" भन्नाले बालीको कुनै जातलाई पहिलो पटक प्रजनन वा छनौट गरी प्रयोगमा ल्याउने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ ।

(झ) “किसिम” भन्नाले एकै नामद्वारा चिनिएका वा चिनिन सक्ने कुनै वनस्पतिको सबै जातमूल (स्पेसिज्) तथा उपजातमूल (सबस्पेसिज्) सम्झनु पर्छ ।

(ञ) “जात (भेराईटी)” भन्नाले वनस्पति शास्त्रीय वर्गीकरणमा सबैभन्दा तल्लो श्रेणीभित्र पर्ने समान आनुवंशिक लक्षणहरू देखिने, अन्य समूहसँग कम्तीमा एउटा लक्षणद्वारा भिन्नता छुट्टिने र पुनरूत्पादन (प्रोपागेसन) हुँदा लक्षणहरू परिवर्तन नहुने लक्षण भएका कुनै वनस्पतिको समूह सम्झनु पर्छ ।

(ट) “सङ्केतपत्र” भन्नाले भाँडोमा देखिने गरी राखिएको बीउ बिजन सम्बन्धी विवरण (लेबल) सम्झनु पर्छ ।

(ठ) “तोकिएको” वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२
## समिति सम्बन्धी व्यवस्था

**३. बीउ बिजन समितिको गठनः** (१) बीउ बिजन सम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्न र बीउ बिजन सम्बन्धी विषयमा प्रदेश सरकारलाई आवश्यक परामर्श दिन एक बीउ बिजन समितिको गठन हुनेछ ।

(२) समितिमा देहायका पदाधिकारीहरु रहनेछन् :–

| | |
|---|---|
| (क) मन्त्री वा राज्यमन्त्री वा सहायक मन्त्री, | -अध्यक्ष |
| (ख) सदस्य, प्रदेश योजना आयोग | -सदस्य |
| (ग) सचिव, कृषि मन्त्रालय | -सदस्य |
| (घ) प्रमुख, नेपाल कृषि अनुसन्धान परिषद्, प्रदेश निर्देशनालय | -सदस्य |
| (ङ) मन्त्रालयद्वारा मनोनित कृषि विषय अध्ययन हुने शैक्षिक संस्थाबाट कम्तिमा उपप्राध्यापक सरहको एकजना | - सदस्य |
| (च) मन्त्रालयद्वारा मनोनित बीउ बिजन सम्बन्धी विशेषज्ञ, किसान र व्यवसायी मध्ये महिला सहित तीनजना | -सदस्य |
| (छ) प्रमुख, प्रयोगशाला | -सदस्य सचिव |

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (ङ) बमोजिम मनोनित सदस्यलाई देहायको अवस्थामा निजको पदावधि पूरा नहुँदै मन्त्रालयले हटाउन सक्नेछ :-

(क) निजद्वारा सम्पादित कार्य सन्तोषजनक नभएको वा पदीय दायित्व बहन गर्न नसकेको भनी समितिले सिफारिस गरेमा,

(ख) प्रचलित कानूनमा रहेका आचरण वा पदीय दायित्व विपरित कार्य गरेमा,

(ग) मानसिक सन्तुलन ठिक नभई कार्यसम्पादन गर्न असमर्थ भएमा,

(घ) निजले लिखित राजीनामा दिएमा ।

तर निजलाई सफाई पेश गर्ने उपयुक्त मौकाबाट वञ्चित गरिने छैन ।

४. **<u>समितिको बैठकसम्बन्धी व्यवस्थाः</u>** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिनेछ ।

(४) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) समितिले आवश्यकता अनुसार विशेषज्ञ, कृषि उद्यमी र किसानहरु मध्येबाट समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>** : (१) दफा ३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बीउ बिजन सम्बन्धी प्रादेशिक नीति तर्जुमा गर्न प्रदेश सरकारलाई परामर्श दिने,

(ख) बीउ बिजन उत्पादन तथा वितरण कार्यमा सरकारी, सहकारी तथा निजी क्षेत्रबीच समन्वय कायम गर्ने,

(ग) बीउ बिजन उद्योगमा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(घ) नेपालभित्र उत्पादन वा बाहिरबाट आयात भई बिक्री वितरण हुने बीउ बिजनको गुणस्तर नियमित जाँच तथा नियन्त्रण गर्ने गराउने,

(ङ) बीउ बिजन सम्बन्धी सेवा शुल्कको सम्बन्धमा प्रदेश सरकारलाई सिफारिस गर्ने,

(च) बालीको किसिम र जात सूचित (नोटिफाइड) गर्ने सम्बन्धमा प्रदेश सरकारलाई सिफारिस गर्ने,

(छ) बीउ बिजनको उत्पादन, गुणस्तरसँग सम्बन्धित कार्ययोजना, भण्डारण, प्रशोधन तथा परीक्षण सम्बन्धी आवश्यक नीति तथा कार्यक्रम बनाउने,

(ज) प्रजनन, मूल, उन्नत बीउ र प्रमाणित वीउबिजनको वासलात तयार गर्नका साथै प्रदेशलाई आवश्यक पर्ने बीउ बिजन प्रक्षेपण गर्ने,

(झ) तोकिए बमोजिम अन्य आवश्यक काम कारवाही गर्ने ।

(२) प्रदेशमा आयात हुने बीउ बिजनको गुणस्तर परीक्षण स्थल, आयात गरी भण्डारण गरिने स्थल र विक्री कक्षको समय समयमा अनुगमन तथा निरीक्षण गर्ने कर्तव्य र दायित्व समितिको हुनेछ ।

६. **<u>उपसमितिहरू गठन गर्न सक्नेः</u>** (१) बीउ बिजनको उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण गर्ने कार्यलाई सुचारू रूपले सञ्चालन गरी गुणस्तरयुक्त बीउ बिजन उपलब्ध गराउने प्रयोजनका लागि समितिले आवश्यकता अनुसार विभिन्न उपसमितिहरू गठन गर्न सक्नेछ ।

(२) उप-समितिहरूको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३
## परीक्षण प्रयोगशाला सम्बन्धी व्यवस्था

७. **प्रयोगशालाको स्थापनाः** (१) बीउ बिजनको परीक्षण, प्रमाणिक र तत्सम्बन्धी अन्य कार्य गर्नको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी एउटा प्रादेशिक प्रयोगशालाको स्थापना र सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको प्रादेशिक प्रयोगशालाको रेखदेख र नियन्त्रणमा रहने गरी आवश्यकता अनुसार प्रदेशमा थप प्रयोगशाला सञ्चालन गर्नेछ ।

(३) कुनै व्यक्ति वा संस्थाले निजी क्षेत्रमा प्रयोगशाला स्थापना र सञ्चालन गर्न चाहेमा अनुमतिका लागि तोकिए बमोजिमको दस्तुरसहित तोकिए बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनउपर छानविन गरी उपयुक्त देखेमा तोकिए बमोजिम शर्तको अधीनमा रही समितिले प्रयोगशाला स्थापना र सञ्चालन गर्न अनुमति दिनु पर्नेछ ।

८. **प्रयोगशालाको काम, कर्तव्य र अधिकारः** दफा ७ बमोजिम स्थापित प्रयोगशालाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४
## अनुमतीपत्र र नविकरण सम्बन्धी व्यवस्था

९. **अनुमतिपत्र लिनु पर्नेः** (१) कुनै व्यक्ति वा संस्थाले बीउ बिजनको उत्पादन, प्रशोधन, भण्डारण र बिक्री वितरण सम्बन्धी कारोवार गर्न चाहेमा प्रदेश बीउ विजन समितिले तोकिदिए बमोजिमको प्रक्रिया पूरा गरी अनुमति पत्र लिनु पर्नेछ ।

(२) कसैले उपदफा (१) बमोजिम अनुमति पत्र नलिई बीउ बिजन उत्पादन, प्रशोधन, भण्डारण र बिक्री वितरण गर्न पाइने छैन ।

(३) यो ऐन लागु हुनु भन्दा अगाडी प्रचलित कानून बमोजिम बीउ बिजनको उत्पादन, प्रशोधन, भण्डारण र विक्री वितरण सम्बन्धी कारोवार गर्न लिएको अनुमति पत्रलाई यसै ऐन बमोजिम भएको मानिनेछ । त्यस्ता अनुमति प्राप्त विक्रेताहरुले तोकिए बमोजिम सुचिकृत गराउनु पर्नेछ ।

१०. **नवीकरणः** (१) दफा ७ को उपदफा (४) बमोजिम स्थापना भएका प्रयोगशालाको अनुमतिपत्र प्रत्येक वर्ष नवीकरण गराउनु पर्नेछ र उत्पादन, प्रशोधन, भण्डारण र विक्री वितरणको हकमा कार्यविधिले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा तोकिएकोअवधिभित्र अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ र समितिले त्यस्तो प्रयोगशाला बन्द गराउने छ ।

११. **बीउ बिजनको किसिम वा जात सूचित गर्ने व्यवस्थाः** प्रदेश सरकारले कृषि कार्यको निमित्त प्रयोग गरिने बीउबिजनको कुनै किसिम वा जातको सूचित गर्ने व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

१२. **बीउ बिजनको न्यूनतम गुणस्तर सम्बन्धी व्यवस्थाः** बीउ बिजनको न्यूनतम गुणस्तरण सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

१३. **सूचित बीउ बिजनको बिक्री वितरणः** (१) सूचित बीउ बिजनको बिक्री वितरण गर्ने व्यक्ति वा संस्थाले आफूले बिक्री वितरण गर्ने बीउको भाँडोमा देहायको विवरण उल्लेख गर्नु पर्नेछः-

(क) बीउ बिजनको किसिम र जात,

(ख) दफा १२ बमोजिम तोकिएको न्यूनतम गुणस्तरको हद,

(ग) रासायनिक पदार्थ प्रयोग गरी उपचार गरिएको भए सो को विवरण,

(घ) तोकिए बमोजिमका अन्य कुराहरू ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास क्षेत्रको लागि मात्र उपयुक्त हुने भनी प्रजनकले निर्धारण गरेको किसिम र जातको सूचित बीउबिजन त्यसरी निर्धारण गरिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा बिक्री वितरण गर्न वा गराउन पाइने छैन ।

१४. **सूचित बीउ बिजन निकासी वा पैठारी सम्बन्धी व्यवस्थाः** कुनै किसिम वा जातको सूचित बीउ बिजन निकासी वा पैठारी सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

१५. **बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलक तथा बीउ बिजन विश्लेषक सम्बन्धी व्यवस्थाः**(१) समितिले प्रदेश सरकार मातहतका कुनै कर्मचारीलाई बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलक वा बीउ बिजन विश्लेषकको रूपमा काम गर्न तोक्न सक्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित अवस्था तथा संघीय कानून बमोजिम अनुमतिपत्र नलिई कसैले पनि बाली निरीक्षण गर्न, बीउ बिजनको नमूना सङ्कलन गर्न तथा बीउ बिजन विश्लेषण गर्न हुदैन ।

१६. **बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलक तथा बीउ बिजन विश्लेषकको काम, कर्तव्य र अधिकारः** बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलक तथा बीउ बिजन विश्लेषकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१७. **सेवा शुल्क लिन सक्नेः** (१) मन्त्रालयले यस ऐन बमोजिम उपलब्ध हुने सेवा वापत प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सेवा शुल्क लिन सक्नेछ ।

(२) कुनै व्यक्ति वा संस्थाले यस ऐन बमोजिम कुनै सेवा प्रदान गर्दा समितिबाट स्वीकृत भए बमोजिमको सेवा शुल्क लिन सक्नेछ ।

## परिच्छेद-५

## दण्ड सजाँय सम्बन्धी व्यवस्था

१८. **दण्ड सजाँयः** (१) कसैले दफा ७ बमोजिम अनुमतिपत्र नलिई प्रयोगशाला सञ्चालन गरेमा पचास हजार रूपैयाँ जरिवाना हुनेछ ।

(२) कसैले दफा ११ र १२ विपरीत बीउ बिजन बिक्री वितरण गरे वा गराएमा एक लाख रूपैयाँसम्म जरिवाना हुनेछ ।

(३) कसैले दफा १३ बमोजिमको विवरण नखुलाई बीउ बिजन बिक्री वितरण गरे वा गराएमा एक लाख रूपैयाँसम्म जरिवाना हुनेछ ।

(४) कसैले दफा १५ को उपदफा (२) विपरीत कुनै कार्य गरेमा दुई लाख रूपैयाँसम्म जरिवाना हुनेछ ।

(५) उपदफा (१), (२), (३) र (४) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गर्ने गराउने व्यक्ति वा संस्थालाई साठी हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

(६) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि बीउ बिजन उत्पादन तथा बजारीकरणसम्म तोके बमोजिमको गुणस्तर कायम नभएको पाइएमा सम्बन्धित मूल्य श्रृंखलामा संलग्न व्यक्ति वा संस्थाको पहिचान गरी पचास हजारसम्म जरिवाना हुनेछ ।

(७) गुणस्तरको बीउ बीजन नभई कृषकलाई पर्न गएको हानी नोक्सानीको सम्बन्धमा बीउ वितरक व्यक्ति वा संस्थालाई समितिले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

१९. **सरकार वादी हुने**ः यो ऐन अन्तर्गतको मुद्दा सरकारवादी हुनेछ ।

२०. **मुद्दाको तहकिकात र दायरी**ः यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात बीउ बिजन नमुना सङ्कलकले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

२१. **मुद्दा हेर्ने अधिकार**ः (१) यो ऐन अन्तर्गतको मुद्दा हेर्ने अधिकार तोकिए बमोजिमको अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम मुद्दाको कारवाही र किनारा गर्दा तोकिएको अधिकारीले विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाउनेछ ।

## परिच्छेद-६
## विविध

२२. **स्वामित्व कायम रहने**ः नेपालमा परम्परादेखि नै प्रयोग गरिँदै आएको रैथाने जातको बालीको बीउ बिजनमा तोकिए बमोजिम स्वामित्व कायम रहनेछ ।

२३. **प्रचलित कानून बमोजिम हुने** ः यस ऐनमा उल्लिखित कुराहरुका हकमा यसै ऐन बमोजिम र अन्य कुराको हकमा संघीय कानून बमोजिम हुनेछ ।

२४. **नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकार**ः यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ ।

प्रदेश सभाको सम्बत् २०७७ फाल्गुन २३ गते आइतबारका दिन बसेको सातौं अधिवेशनको ७औं बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुँदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

..............................
माननीय अर्जुन बहादुर थापा
सभामुख
सुदूरपश्चिम प्रदेश
मिति :- २०७८/०१/०५

सुदूरपश्चिम प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणिकरण गर्दछु ।

मिति :-.......................... माननीय सर्मीला कुमारी पन्त
प्रदेश प्रमुख